मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ बाबियाचौर, म्याग्दी संख्या : २ मिति : २०८२ साल असार ०९

भाग-१

मंगला गाउँपालिका

# मंगला गाउँपालिकाको विनियोजन ऐन, २०८२

**मंगला गाउँपालिको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** मंगला गाउँपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मंगला गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम "मंगला गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक बर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

१. आर्थिक वर्ष २०८२/२०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४४,६१,५६,४५१ (अक्षरुपिः चवालिस करोड एकसठ्ठि लाख छपन्न हजार चार सय एकाउन्न) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. बिनियोजन :

१. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८२/२०८३ को निमित्त मंगला गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२. उपदका (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची -१

(दफा २ संग सम्बन्धित )

नेपालको संबिधान धारा २२९ (२) बमोजिम

**संञ्चत कोषबाट विनियोजित हुने रकम**

| क्र.सं. | अनुदान सख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | एकमुष्ठ रु. ३१,३३,२०,४५१ (अक्षरुपी रुः एकतीस करोड तेत्तीस लाख बिस हजार चार सय एकाउन्न रुपैयाँ मात्र) | एकमुष्ठ रु. १३,२७,३६,००० (अक्षरुपी रूः तेह करोड सत्ताईस लाख छत्तीस हजार रुपैयाँ मात्र) | | एकमुष्ठ रु. ४४,६१,५६,४५१ (अक्षरुपिः रु चवालिस करोड एकसठ्ठि लाख लाख छपन्न हजार चार सय एकाउन्न मात्र) |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

आज्ञाले,

गोपाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत